# त्रिवेणी गाउँपालिकाको

# बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।६।२२

**गाउँपालिका त्रिवेणी**

**जिल्ला सल्यान**

**प्रदेश कर्णाली**

**नेपाल**

CamScanner

# बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिका बाट स्वीकृत मिति : २०७५।६।२२

**प्रस्तावना,**

त्रिवेणी गाउँपालिकाबाट सम्पादन हुने विभिन्न कार्यको सिलसिलामा बसिने गाउँ सभा,कार्यपालिका,विषयगत समिति,पदपूर्ति समिति,लेखा समिति,विधयेक समिति,राजश्व परामर्श समिति,अनुगमन समिति,मूल्याङ्क समिति,शिक्षा समिति,परीक्षा समिति,जाँचपास तथा फरफारक समिति वा त्यस्तै प्रकृतिका अन्य विषेश कार्यसम्पादनको लागि गाउँ सभा वा गाउँ कार्यपालिकाको निर्णयबाट वा प्रचलित नियमानुसार गठन हुने समितिको बैठक भत्ता, विभिन्न कार्यको अनुगमनमा खटिदा कार्यलयबाट भुक्तानी गरिने भत्ता,सुविधा तथा विकास निर्माणसंग सम्बन्धी कार्यमा कार्यालबाट खटिने प्राविधिक कर्मचारीहरुलाई उपलब्ध गराउने फिल्ड भत्ताका सम्बन्धमा एकरुपता तथा व्यवस्थित गर्न बान्छनीय भएकोले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**(१) संक्षिप्त नाम : यो कार्यविधिको नाम "बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि;२०७५" रहनेछ ।

(२) प्रारम्भ : यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागुहुनेछ

२. **परिभाषा :**(१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँ कार्यपालिका " भन्नाले त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) "अनुगमन समिति" भन्नाले गाउँपालिका क्षेत्र भित्र सम्पादन हुने वा भएका क्रियाकलापहरु वा संरचनाहरुको अनुगमन गरी प्रतिवेदन दिन कानून अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

(ग) " बैठक भत्ता " भन्नाले प्रस्तावनामा उल्लेखि वा त्यस्तै प्रकारका कार्य सम्पादनको लागि बैठक बस्दा बैठकमा उपस्थितहरुले नियमानुसार पाउने आर्थिक सुविधा सम्झनुपर्छ ।

(घ) " फिल्ड भत्ता " भन्नाले प्रस्तावनामा उल्लेखि विकास निर्माणसंग सम्बन्धित कार्यमा खटिने प्राविधिक कर्मचारीहरुको लागि उपलब्ध हुने भत्ता सम्झनुपर्छ ।

३. **बैठक भत्ता सम्बन्धमा :**(१) विभिन्न समिति,विषेश समिति,कार्यदल लगायतको बैठक भत्ता वापत प्रति बैठक रु.१५००। उपलब्ध हुनेछ ।

तर,देहाएको अवस्थामा भत्ता पाइनेछैन :

(क) कार्यपालिकाको विपयगत समितको बैठक भत्ता

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

(ख) नियमित बस्ने कार्यपालिकाको बैठक विशेष कार्य अवस्थामा वाहेक महिनामा एक पटक भन्दा बढि पटक बसेको भए सो बैठकको बैठक भत्ता

४. **अनुगमन भत्ता सम्बन्धमा** :(१) विभिन्न आयोजना,कार्यक्रमहरुको अनुगमन गर्दा उपलब्ध हुने अनुगमन भत्ता दर देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका स्तर प्रति दिन रु. १५००। र वडा स्तर प्रति दिन रु. १०००।

(ख) अनुगमन खर्च लेख्दा अनुगमन रिपोर्ट अनिवार्य संलग्न गरेको हुनुपर्नेछ।

५. **फिल्ड भत्ता** :(१) फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको कार्यसम्पादन मापदण्ड बनाई देहाय अनुसार मासिक फिल्ड भत्ता उपलब्ध गराउन सकिनेछ।

(क) अधिकृत स्तरको लागि ६५००। र सहायक स्तरको लागि ६०००।

(ख) मासिक फिल्ड भत्ता कार्यालयबाट स्वीकृत कार्यसम्पादन स्तरको आधारमा देहाय अनुसार उपलब्ध हुनेछ।

(२) कार्यसम्पादन स्तर ७५ प्रतिशत पुरा भए माथि खण्ड (क) को अनुसारको पुरा रकम,६० प्रतिशत भए कार्य पुरा भए सो को ७५ प्रतिशत र ५० पुरा भए सो को ५०।

तर, कार्यसम्पादन स्तर ५० प्रतिशत भन्दा कम भए मासिक फिल्ड भत्ता उपलब्ध हुनेछैन।

६. **मितव्ययिता अपनाउने** : (१) भत्ता खर्च लेख्दा देहाय अनुसार मितव्ययीता अपनाउनुपर्नेछ।

(क) बैठक भत्ता उपलब्ध गराउदा असम्बन्धित व्यक्तिहरु आमन्त्रित नराख्ने।

(ख) अनुगमनमा जाँदा अनुगमन कार्यसंग असम्बन्धित व्यक्तिहरु वा आवश्यकता भन्दा बढी व्यक्तिहरु समावेश नगर्ने।

समाप्त।

प्रमुख प्रशासकीय अधिकृत